# गभर्नर डा. युवराज खतिवडाबाट एभरेष्ट बैंक लि.को ४७ औं शाखाको रूपमा ‘कृषि उद्यम विकास शाखा’ को उद्घाटन

नेपाल राष्ट्र बैंकका गभर्नर डा.युवराज खतिवडाले सप्तरीको राजविराजमा भदौ १ गते आयोजित एक कार्यक्रमका बीच एभरेष्ट बैंक लि.को ४७ औं शाखाको रूपमा ‘कृषि उद्यम विकास शाखा’ को समुद्घाटन गर्नुभयो ।



(शाखा उद्घाटनको अवसरमा मन्तव्य राख्नु हुँदै गभर्नर डा. खतिवडा)

समारोहमा आफ्नो मन्तव्य राख्दै गभर्नर डा. खतिवडाले भन्नु भयो, ‘कृषिमा उद्यमशीलताको विकास गरेर कृषकहरूको जीवनस्तर उठाई नेपालीलाई आर्थिक सम्बृद्धिमा लैजान विशिष्टीकृत सेवा दिने उद्देश्यका साथ एभरेष्ट बैंक लि.ले आफ्नो ४७ औं शाखाको रूपमा ‘कृषि उद्यम विकास शाखा’को स्थापना गरेको छ । यसको सफलताले अन्य बैंकहरूलाई यस्तै किसिमका विशिष्टीकृत कार्य गर्ने शाखा खोल्न उत्प्रेरित गर्ने छ । कृषि आफैमा सम्मानित पेशा हो । खाद्य सुरक्षा प्रदान गर्न, आयआर्जन मार्फत् जीवनस्तर उठाउन, बढ्दो बेरोजगारीलाई रोजगारी दिलाउन तथा व्यापार प्रवर्द्धन गरी आयात प्रतिस्थापन गर्न कृषिले महत्वपूर्ण योगदान पुर्‍याउँछ । शिक्षित वर्गले कृषि पेशालाई उपेक्षा गरेको र व्यावसायिक खेती हुन नसकेकोमा चिन्ता व्यक्त गर्दै डा. खतिवडाले भन्नु भयो, ‘अहिले एकातिर बजारमा भा.रु.नोटको अभाव रहेको छ भने अर्कोतिर भारतीय बजारबाट खाने तेल, तरकारी, फलफूल, चामल, मरमसला, मासुजन्य पदार्थ जस्ता कृषि उपजहरू ठुलो मात्रामा आयात गर्नु परेको छ । त्यस्ता सामग्रीहरूको आयातका लागि पनि ठुलो मात्रामा भा.रु.को आवश्यक पर्ने हुन्छ । भा.रु. नोटको दीर्घकालीन अभाव हटाउन, स्वदेशमै त्यस्ता सामानहरूको उत्पादन बढाएर हामीले कसरी भा.रु. कमाउने ? त्यसतर्फ विचार गर्न आग्रह गर्दै, यदि मुलुकमा समग्र कृषि उत्पादनलाई बढाउने हो भने

भा.रु.नोटको अभाव एवम् सटही सम्बन्धी समस्या स्वतः समाधान हुने कुरा व्यक्त गर्नु भयो । अर्कोतर्फ हाम्रा कृषि उपजहरूको निर्यात बढाउन सकेमा भा.रू. कमाउन पनि सकिने चर्चा गर्दै त्यसको लागि एक मात्र विकल्प कृषि उत्पादन बढाउनु नै हो भन्ने कुरामा उहाँले जोड दिनुभयो ।

'छिटो आय आर्जन गर्न सकिने क्षेत्र भनेको नै कृषि हो । यसको विकासका लागि कृषि प्राविधिकहरूको विकास र विस्तार, कृषकहरूलाई प्रदान गरिने तालिम, उत्पादित वस्तुहरूको बजारीकरण जस्ता सेवा सरकारी प्रयासबाट प्याकेजमै आउने कुरामा आफू विश्वस्त रहेको र सो सम्बन्धमा अध्ययन समेत भइरहेको' डा. खतिवडाले सो समारोहमा जानकारी समेत दिनु भएको थियो ।

वित्तीय साक्षरतासँगै वित्तीय पहुँच वृद्धि गरिदै लगिने चर्चा गर्दै गभर्नर डा. खतिवडाले 'एभरेष्ट बैंकको यो शाखा स्थापना गर्नु पूर्वको सोच, उद्देश्य र लक्ष्यमा शाखाले पूर्ण सफलता पाओस् भन्ने शुभकामना समेत दिनु भएको थियो ।

कार्यक्रममा एभरेष्ट बैंक लि.का अध्यक्ष वि.के श्रेष्ठले कृषि क्षेत्रलाई ध्यानमा राखी राजविराजमा बैंकको ४७ औं शाखाको रूपमा 'कृषि उद्यम विकास शाखा' स्थापना गरिएको बताउनु भयो । सोही कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत पि.के.महापात्रले एभरेष्ट बैंकको काम कारबाही, वर्तमान अवस्था र भावी रणनीतिका बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो ।

त्यसैगरी एभरेष्ट बैंक लि.का निर्देशक राम मोहनले आफ्नो सम्बोधनको क्रममा 'किसानका समस्याहरू सोही तहमा गएर, उनीहरूसँगै हातेमालो गर्दै समाधान गर्दा बढी उपयोगी हुनेछ भन्दै राजविराजको यो शाखाले पनि सोही अनुसार कार्य गर्दै जाने र अन्ततः किसानहरूलाई आत्मनिर्भर बनाई कृषि उद्यमशीलताको विकास गर्ने उद्देश्य रहेको' चर्चा गर्नु भएको थियो ।

कार्यक्रममा सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी, उद्योग वाणिज्य संघ र नागरिक समाजमा प्रतिनिधिहरूले समग्र सप्तरी जिल्लाका कृषिसँग सम्बन्धित समस्याहरूको बारेमा अवगत गराउँदै समस्या समाधानका लागि नेपाल राष्ट्र बैंकका गभर्नर डा.युवराज खतिवडासँग सहयोगको अपेक्षा रहेको बारेमा आ-आफ्नो मन्तव्यको क्रममा बताउनु भएको थियो ।

शाखा उद्घाटनको अवसरमा करिब आधा दर्जन ऋणी कृषकहरूलाई गर्भनर डा. खतिवडाले स्वीकृत ऋणपत्र वितरण गर्नुका साथै उद्घाटित शाखाको स्थलगत निरीक्षण गर्नु भएको थियो । सोही क्रममा एभरेष्ट बैंक लि.ले राजविराजमा खोलेको एटिएम काउण्टरको समेत रिबन काटेर उद्घाटन गर्नुका साथै पत्रकारहरूको जिज्ञासाको विषयमा प्रकाश पार्नु भएको थियो ।

उद्घाटन कार्यक्रम एभरेष्ट बैंक लि.का सञ्चालक समितिका अध्यक्ष बि.के. श्रेष्ठको सभापतित्व र नायव महाप्रबन्धक श्री हुमानाथ गुरूङ्गको सञ्चालकत्वमा सम्पन्न भएको थियो ।

मिति २०६९।५।३